नेपाली महावाणिज्यदूतावास
सान फ्रान्सिस्को
Consulate General of Nepal
San Francisco

**लस एन्जलस शहरमा राहदानी तथा कन्सुलर घुम्ती सेवा सञ्चालन हुने सम्बन्धी सूचना !**

यस महावाणिज्यदूतावासले क्यालिफोर्निया राज्यको लस एन्जलस शहरमा देहायको मिति, समय र स्थानमा राहदानी तथा कन्सुलर घुम्ती सेवा प्रदान गर्ने कार्यक्रम तय गरेकोले उक्त घुम्ती सेवामार्फत् सेवा लिन इच्छुक सेवाग्राहीहरूले आफूलाई आवश्यक सेवा प्राप्त गर्न चाहिने कागजातहरु तयारी अवस्थामा राख्नुहुन अनुरोध गरिन्छ ।

**घुम्ती सेवा आयोजना हुने मिति, समय र स्थान:**

मितिः **२८ मार्च २०२६ (तदनुसार २०८२ साल चैत्र १४ गते) शनिबार**
समयः **बिहान ९:०० बजे देखि अपरान्ह ४:०० बजेसम्म**
स्थानः **Shree Pashupatinath and Buddha Mandir, 10843 Kenney St, Norwalk, CA 90650**

**घुम्ती शिविरमार्फत् प्रदान हुने सेवाहरू:**

**क) राहदानी आवेदन (Passport application)**

**आवश्यक कागजातहरु:**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपी,
- नाबालकको हकमा नाबालक परियचपत्र तथा बाबु-आमाको नागरिकता, राहदानी र विवाह दर्ताको प्रमाणपत्र तथा सोको प्रतिलिपिहरु,
- हालको राहदानीको सक्कल तथा प्रतिलिपि,
- अनलाइन फाराम भरेपछि डाउनलोड गरिएको बारकोडसहितको PDF फारामको प्रिन्टेड प्रति,
- आफ्नो अध्यागमन status खुल्ने कागजात र सोको प्रतिलिपि (Visa, PR, Work/Study Permit) ।

*राहदानी आवेदनका लागि अनिवार्य रुपमा अनलाइन फाराम (Pre Enrollment) भर्नुपर्नेछ । यस घुम्ती सेवाका लागि राहदानी आवेदन प्रि-इनरोलमेण्ट स्लट १५ मार्च २०२६ देखि खुल्ला गरिनेछ। १५ मार्च भन्दाअघि भरिएका अनलाइन राहदानी फारामहरू उक्त घुम्ती सेवाका लागि योग्य हुने छैनन् ।*

**राहदानी अनलाइन फाराम भर्ने तरिका:**

१. **देहायका कागजातहरूको रङ्गिन .JPEG स्क्यान गरी तयार राख्ने (300 KB वा सोभन्दा कम):**
   - नेपाली नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको पृष्ठ,
   - नाबालकको हकमा नाबालक परिचयपत्रको अगाडि र पछाडिको पृष्ठ,

Address: 505 Beach St, Suite 130, San Francisco, CA 94133; Email: contact@nepalconsulatesf.org, Ph: +1 323 480 8292
Website: https://sf.nepalconsulate.gov.np/

- हालको राहदानीको प्रथम पृष्ठ (वाहकको फोटो र कार्यालयको छाप भएको पृष्ठ आउने गरी)
- राहदानीको अन्तिम पृष्ठ (निकटतम व्यक्तिको नाम, ठेगाना भएको)

२. **अनलाईन फाराम भर्नुअघि आफ्नो कम्प्युटर वा ल्यापटप वा मोबाईलको Date and Time Setting मा गई Time Zone "Kathmandu, Nepal" (UTC+05:45) छनौट गर्ने,**

३. अनलाइन आवेदनका लागि https://emrtds.nepalpassport.gov.np/ मा जाने,

४. Appointment Country मा Other छनौट गरी Appointment Location मा "NCG, San Francisco" छनौट गर्ने । प्राविधिक कारणले २८ मार्च २०२६ को लागि समय उपलब्ध नभएमा **उपलब्ध जुनसुकै मिति छनौट गरी अनलाइन फाराम भर्न सकिने** ।

५. फाराम भर्दा माथि उल्लेख भएबमोजिम रङ्गिन स्क्यान गरिएका कागजातहरु Upload गर्ने,

६. **सम्पूर्ण विवरण भरिसकेपछि उपलब्ध हुने बारकोडसहितको PDF फाराम Download गरी Print गर्ने।** (*डाउनलोड गरिएको फारामको दायाँपट्टि छेउमा र* Bottom *मा बारकोड रहेको देख्न सकिनेछ।*)

७. डाउनलोड गरिएको बारकोडसहितको PDF फारामको प्रिन्ट प्रति तथा अन्य आवश्यक कागजातसहित Biometrics का लागि आवेदक स्वयम् उपस्थित हुनुपर्ने।

८. अनलाइन फाराम भर्ने तरिकासम्बन्धी जानकारी एवम जानकारीमूलक भिडियो महावाणिज्यदूतावासको वेबसाइटको लिंक https://sf.nepalconsulate.gov.np/pages/passport-service-2/ मा उपलब्ध छ ।

**राहदानी आवेदन सम्बन्धी अन्य महत्वपूर्ण जानकारीः**

- राहदानी नवीकरण शुल्क अमेरिकन डलर १५० रहेको छ । हराएको वा बिग्रिएको राहदानीको हकमा अमेरिकन डलर २२५ लाग्नेछ। तर, १० बर्ष भन्दा मुनिका नाबालकको हकमा नवीकरण शुल्क अमेरिकन डलर ७५ तथा राहदानी हराएको वा बिग्रिएको हकमा अमेरिकन डलर ११२.५ लाग्नेछ।
- राहदानीका लागि फोटो ल्याउन आवश्यक पर्ने छैन।
- राहदानी शुल्क बापतको रकम भुक्तानी विधि पछि जानकारी गराइनेछ ।

**ख) अधिकृत वारेसनामा (Power of Attorney)**

**आवश्यक कागजात**

- नेपालमा सूचिकृत कानून व्यवसायीले नेपाली कागजमा तयार गरेको लिखत तथा निवेदन,
- अधिकृत वारेसनामा दिने व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्र तथा राहदानीको सक्कल र सोको प्रतिलिपि,
- अधिकृत वारेसनामा लिने व्यक्तिको नागरिकताको प्रमाणित प्रतिलिपि,
- लिने दिने दुवैको हालसालै खिचिएको दुई/दुई प्रति फोटो,
- अधिकृत वारेसनामा दिने व्यक्तिको अध्यागमन status खुल्ने कागजात र सोको प्रतिलिपि (Visa, PR, Work/Study Permit)।
- जुन प्रयोजनका लागि अधिकृत वारेसनामा दिने हो सो सम्बन्धी सक्कल वा प्रमाणित कागजात, जस्तै- जग्गा बेचबिखनको हकमा लालपुर्जाको सक्कल वा सोको प्रतिलिपि, कर तिरेको रसिद वा सोको प्रमाणित प्रतिलिपि, सम्बन्ध विच्छेदका लागि विवाह दर्ताको सक्कल वा सोको प्रमाणित प्रतिलिपि, साक्षी रहेका व्यक्तिहरुको नागरिकताको प्रतिलिपि।

**अन्य जानकारी**

- अधिकृत वारेसनामा शुल्क अमेरिकन डलर ४० लाग्नेछ। प्रमाणीकरण शुल्क बापतको रकम भुक्तानी विधि पछि जानकारी गराइनेछ ।
- अधिकृत वारेसनामा दिने व्यक्ति स्वयम् उपस्थित हुनुपर्ने।

- विदेशी नागरिक (नेपाली मूलको विदेशी नागरिकसमेत) का लागि यो सेवा प्रदान गरिने छैन ।
- सम्बन्धित कागजातहरू तयार गरेपछि अग्रिम रूजु गर्ने प्रयोजनका लागि यस महावाणिज्यदूतावासको इमेल ठेगाना secretary@nepalconsulatesf.org मा पठाउनु पर्नेछ।

**ग) गैर आवासीय नेपाली परिचयपत्र (NRN ID Card):**

गैर आवासीय नेपाली परिचयपत्रको लागि आवेदन गर्नका लागि महावाणिज्यदूतावासको वेवसाइट https://sf.nepalconsulate.gov.np/pages/non-resident-nepali-id-card-6/ मा अनलाइन आवेदन गर्न सकिनेछ।

**नेपाली मूलका विदेशी नागरिकहरू (Foreign Nationals of Nepali Origin) लाई प्रदान गरिने NRN ID Card का लागि आवश्यक पर्ने कागजातहरू:**

- अमेरिकी नागरिकता र राहदानीको सक्कल एवम् सोको प्रतिलिपि,
- हालको नागरिकता प्राप्त गर्दाको कागजात (Certificate of Naturalization),
- नेपाली नागरिकता परित्याग गरेको प्रमाण र त्याग गरेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रति
- हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो (Soft Copy समेत)।

**दोस्रो पुस्ताका आवेदकका लागि**

- अमेरिकी नागरिकता र पासपोर्ट र सोको प्रतिलिपि,
- बुबा/आमाको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- नेपाली बुबा/आमासँगको सम्बन्ध प्रमाणित गर्ने सम्बन्ध प्रमाणपत्रको प्रतिलिपि
- हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो (Soft Copy समेत)।

नेपाली मूलका विदेशी नागरिकका लागि गैर आवासीय नेपाली परिचयपत्र १० वर्षको लागि जारी हुनेछ ।
गैर आवासीय नेपाली परिचय पत्रको शुल्क अमेरिकन डलर ५२० रहेको छ ।
शुल्क बापतको रकम भुक्तानी विधि पछि जानकारी गराइनेछ ।

उपरोक्त सेवाहरू बाहेक उक्त घुम्ती शिविरका दौरान कागजात प्रमाणीकरण, एकतर्फी यात्रा अनुमतिपत्र लगायतका सेवाहरू समेत आवश्यकता अनुसार प्रदान गरिनेछ ।

यस महावाणिज्यदूतावासबाट प्रदान गरिने सेवाहरूसँग सम्बन्धित विस्तृत जानकारी महावाणिज्यदूतावासको वेबसाइट sf.nepalconsulate.gov.np मा राखिएको छ। माथि उल्लेखित सेवाहरूको बारेमा थप जानकारी आवश्यक परेमा वा अन्य कुनै सेवा सम्बन्धी जिज्ञाशा भएमा महावाणिज्यदूतावासको फोन नं. +१ ३२३ ४८० ८२९२ वा इमेल: consul@nepalconsulatesf.org मा सम्पर्क गर्नहुन तथा घुम्ती सेवाको स्थानीय समन्वयका लागि अवैतनीक नेपाली महावाणिज्यदूत श्री ऋषि पुनाखर ढकाल (फोन नम्बर +१ ६२६ ३२० २४३७) लाई सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**नेपाली महावाणिज्यदूतावास**
**सान फ्रान्सिस्को**
**१० फेब्रुअरी २०२६**